# नेपाल धितोपत्र बोर्ड
## खुमलटार, ललितपुर

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने पदको दरखास्त आव्हान गरिएको सूचना ।

**(सूचना प्रकाशन मिति २०८२/०५/१३)**

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम बोर्डमा रिक्त रहेका देहाय बमोजिमको पदमा नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ (संशोधन सहित) को नियम ३६ को व्यवस्था बमोजिमको योग्यता पुगेका र नियम ३७ बमोजिमको अयोग्य नभएका बोर्डमा कार्यरत कर्मचारीहरूबाट आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले यो विज्ञापन प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र बढुवा हुनका लागि योग्य उम्मेदवारले बोर्डको वेबसाइट **www.sebon.gov.np** मा रहेको Career Tab भित्र गई **https://career.sebon.gov.np** बाट अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन दिनका लागि आव्हान गरिन्छ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । थप जानकारीको लागि बोर्डको जनशक्ति शाखामा सम्पर्क राख्न सकिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०७/८२/८३ | निर्देशक | अधिकृत द्वितीय | प्रशासन | १ (एक) |

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** काठमाडौं ।

**दरखास्त बुझाउने स्थानः-** बोर्डको वेवसाईट https://www.sebon.gov.np/ मा रहेको Career Tab भित्र गई https://www.sebon.gov.np/career लिङ्क मार्फत।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजातहरू अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF/JPG/PNG Format मा अपलोड गर्नुपर्नेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ ।दरखास्तमा उल्लेख गरिएको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८२/०६/०२ ।

**पदमा रही गर्नुपर्ने कामः-** बोर्डको व्यवस्थापन अन्तर्गत रही कार्य गर्नुपर्ने ।

**तलव तथा सेवा, सुबिधाः-** बोर्डको नियम अनुसार ।

**लिखित परीक्षा मितिः-** लोक सेवा आयोगबाट कायम भए बमोजिम सम्पर्क मितिमा प्रकाशन गरिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति